गोसाईकुण्ड गाउँपालिका
# गाउँकार्यपालिकाकोकार्यालय
स्याफ्रुबेंशी, रसुवा, बागमती प्रदेश,नेपाल

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
प्रकाशित मिति:- २०७७/०४/२३
**सूचना नं. ०२/२०७७/०७८**

प्रस्तुत बिषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को प.स. २०७७/०७८ च.न. /PMEP/२३, मिति २०७७/०४/१२ को पत्रानुसार यस गोसाईकुण्ड गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिन अनुरोध छ ।

| क्र.स. | बिज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०२/०७७-७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

**१ आवश्यक न्युनतम योग्यता र अनुभव**

क . सिभिल इन्जिनियरिङ्मा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण भएको

ख . अनुभव र सिप:- प्राविधिक सहायकमा देहायका अनुभव र सिप आवश्यक पर्नेछ :-

- कम्तिमा तिन महिने तालिम लिई आधारभूत कम्प्युटर सिप भएको।
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाका लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विशलेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सिप सहित कम्तिमा ६ महिनाको अनुभव भएको।

ग . उमेर:- कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

**२ दरखास्त दिने स्थान**:- गोसाईकुण्ड गाउँपालिकाको कार्यालय,स्याफ्रुबेसी, रसुवा

**३ दरखास्त दिने अन्तिम मिति**:- २०७७/०५/०५(कार्यालय समय भित्र) अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट।

**४ आवेदन दस्तुर**:- रु. ४०० (चार सय रुपयाँ मात्र )

**५ छनोटको किसिम**:- प्रारम्भिक योग्यताको सुची प्रकाशन र लिखित परीक्षा (५० पुर्णाङ्कको सेवा सम्बन्धी विषय र ५० पुर्णाङ्कको कम्प्युटर सम्बन्धी विषयको छुट्टा छुटै परीक्षा)

**६ आबेदन साथ संलग्न कागज हरु:-** आबेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपि हरु

- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभब खुल्ने कागजात
- २ प्रति पासपोर्ट साइजको फोटो

**७ सेबा सुबिधा:-** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११),(१२) र (१३) बमोजिम हुनेछ।

**८ पद ले सम्पादन गर्नुपर्ने कर्यबिबरण:-** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ।

**नोट:-** आबेदनको ढाँचा र प्राविधिक सहायक पदको कर्यबिबरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ।

२०७७/४/२३

प्रमुख प्रशासकीय अधिकृत

देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत